नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
फागुन/चैत्र २०६७ (March 2011) वर्ष १५/अङ्क १६८

# पुरुष रीट्रिट

– पाष्टर अशोक मुखिया

फागन् १८ गते/मार्च २ ता. बुधबार धापासीमा नेइम संयुक्त पुरुष रीट्रिट सम्पन्न भयो । उक्त रीट्रिटमा २२० जना पुरुषहरूको उपस्थिति रहेको थियो । बिहान ९:४५ बजे केही भजन र कोरसहरू गाएपछि पाष्टर रोल्याण्ड रोंगोंगको प्रार्थनाद्वारा उक्त दिनको संगति सुरू गरियो । सबै ठाउँबाट आउनुभएका पुरुष दाजुभाइहरूको स्वागतपछि सो पुरुष दाजुभाइहरूलाई चार झुण्डमा विभाजन गरियो र धापासी विश्राम स्थलको अवलोकन गरि सो विश्राम स्थलललाई संरक्षण गर्न र अझ राम्रो बनाउनको लागि कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा आ-आफ्नो झुण्डमा सर-सल्लाह गरी सुझाव प्रस्तुत गर्न पठाइयो । त्यसपश्चात् सम्पूर्ण दाजुभाइहरू स्तुति प्रशंसा आराधनाको लागि पुन: भवनमा भेला हुनुभयो । पाष्टर सामुएल कार्थकले भजनसंग्रह ८: १-९ पढी स्तुति प्रशंसा अगुवाई गर्नुभयो । "हामी अधिकार खोज्ने मानिसहरू होइनौं तर खीष्ट येशूद्वारा अधिकार पाइसकेका मानिसहरू हौं । यसैले यो अधिकारमा हामी जिउनु पर्छ ।" उक्त समयमा कोरस "हामी गाउँछौं होसन्ना, राजाहरूका तपाईं राजा, तपाईंको स्तुति होस् सदा, तपाईं प्रभु हाम्रो राजा" गाउँदै आराधनामा समय बितायौं ।

स्तुति प्रशंसापछि आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाले वचनको सेवकाई गर्नुभयो: यो ठाउँ परमेश्वरले धेरै वर्षअघि मण्डलीलाई दिनुभएको हो । यस ठाउँको हेरविचार, संरक्षण गर्ने जिम्मेवारी हाम्रो हो ।

हामी अधिकार पाएकाहरूले अधिकारको दुरुपयोग गर्नु हुँदैन । आदमले परमेश्वरबाट पाएको अधिकार शैतानलाई दिइयो । तर परमेश्वरको प्रेममा खीष्ट येशू प्रभुद्वारा यो गुमाएको अधिकार हामी खीष्टमा भएकाहरूलाई पुन: प्राप्त भएको छ । हामी त खीष्ट प्रभुमा बचाइएकाहरू मात्र होइनौं तर पवित्र आत्माको बप्तिस्मा पाएकाहरू दूध र मह बग्ने प्रतिज्ञाका देशमा पुगेकाहरू हौं । लूका १० अध्यायमा येशू प्रभुले सत्तरी जना चेलाहरूलाई नियुक्त गर्नुभयो र दुई-दुई जना गरि आफू जान लाग्नुभएको हरेक शहर र गाउँमा आफूभन्दा अगाडि पठाउनुभयो । यी चेलाहरूले पवित्र आत्माको बप्तिस्मा पाउनु अघि नै सुसमाचार प्रचार गरि रोगी बिरामीहरू निको पारे, भूतात्माहरू धपाए । मर्कूस १६:१६-१८ अनुसार हामीहरू त झन् अझ बढी यो अधिकार पाएका मानिसहरू हौं । यो अधिकार मण्डलीले पाएको छ (भजनसंग्रह ९१:१३) । १ कोरिन्थी ४:२० मा परमेश्वरको राज्य कुरामा होइन तर शक्तिमा हुन्छ । यसैले हाम्रो वचन र काम सँगसँगै जानु पर्छ । केवल सुसमाचार प्रचार मात्र होइन तर खीष्ट प्रभुले दिनुभएको अधिकारमा रोगी बिरामीहरू निको पार्ने, भूतात्माहरू धपाउने साथै हामीलाई गलाउने, थकाउने विभिन्न चिन्ता-फिक्री, अभाव-घटी, रोग बिमार यी सबै कुराहरूमाथि अधिकार गर्नुपर्छ । खीष्ट प्रभु स्वयं हाम्रो साथमा हुनुहुन्छ । जसले चिन्हहरूद्वारा वचनलाई सुदृढ पार्नुहुन्छ मर्कूस १६:१९-२० । अबको समय हामीहरू यो क्षेत्रमा लागि पर्नु पर्छ । हामी आशिष पाएकाहरू केवल आत्मिक आशिष मात्र होइन तर हाम्रो घर-परिवार, काम-व्यवसाय, व्यापार-धन्दा, स्वास्थ्य र आर्थिक जस्ता सबै क्षेत्रमा आशिष पाएका छौं । किनकि हामीहरूलाई एफिसी १:३ अनुसार स्वर्गीय स्थानमा हरेक आत्मिक आशिषले खीष्टमा आशीर्वाद दिनुभएको छ । स्वर्गीय स्थान भन्नाले यर्दनपारीको प्रतिज्ञाको देश हो । जहाँ आज हामी छौं । उजाड-स्थानमा होइन । जहाँ तीस लाख इस्राएलीहरू चालीस वर्षसम्म हिँड्डुल गरिरहे । जसलाई परमेश्वरले खुवाउनुभयो, हेरविचार गर्नुभयो, बोकेर हिँड्नुभयो, डोऱ्याउनुभयो। केही कुराको अभाव हुन दिनुभएन (व्यवस्था १:३१ र २:७) ।

यसैले के हामीले यी आशिषहरूको अनुभव र उपभोग गरिरहेका छौं ? यदि यो आशिषमा हामी छैनौं भने हामीले मुक्ति आधा मात्र अनुभव गरिरहेका छौं किनकि मुक्ति आत्माको लागि मात्र होइन तर शरीर, प्राण सम्पूर्ण व्यक्तित्वको लागि पनि हो । किन होला आज हामीहरू यी आशिषहरूमा जिउन सकेका छैनौं ? कारण हाग्गै १:२-४ अनुसार हामी परमेश्वरका छोराछोरीहरूले मण्डलीको वास्ता गरेका छैनौं, मण्डली बनाउने काममा हामीले ध्यान दिएका छैनौं । मण्डलीको निम्ति हामीसँग समय पनि छैन । किनकि हामी आ-आफ्ना कुराहरूमा व्यस्त छौं। जसको कारण हाग्गै १:५-९ अनुसार हामीले आशिष गुमाइरहेका छौं । दाऊद राजाको हृदयमा परमेश्वरको मन्दिर बनाउनको निम्ति इच्छा र चाहना भए तापनि उसले परमेश्वरको मन्दिर बनाउन पाइएन तरै पनि परमेश्वरको मन्दिर निर्माण गर्नको लागि आफूले दिन सक्ने र भ्याएसम्म प्रशस्त मात्रामा सुन, चाँदी दिए (१ इतिहास १७:१-२, २९: १-५) । परमेश्वरको मन्दिरको निम्ति दाऊदको हृदयको चाहना र भक्तिको कारणले नै परमप्रभुले भन्नुभयो, "दाऊदको भत्केको पाल (वासस्थान) लाई म पुनर्स्थापन गर्नेछु र त्यसलाई म खडा गर्नेछु" (आमोस ९:११, प्रेरित १५:१६) । दाऊद परमेश्वरको मनले खाएको व्यक्ति भयो ।

हामी पनि आशिष पाएकाहरू र अधिकारमा जिउनेहरू भई मण्डलीको निम्ति जिउन तयार हुन्छौं भने हामी आफै-आफैलाई परमेश्वरमा समर्पण गरौं भनी आह्वान गर्नुभएकोले सबै पुरुष दाजुभाइहरू खडा भई परमेश्वरको मण्डलीको लागि जिउन आफैलाई समर्पण गर्नुभयो ।

दिउँसोको खानापछि बिहान विश्रामस्थलको संरक्षण र अझ राम्रो बनाउनको लागि चार झुण्डबाट आएको सुझाव र सर-सल्लाह प्रस्तुत गरियो साथै यस कामको लागि पुरुषहरूलाई प्रार्थनासहित मुट्ठी खोल्नको लागि अनुरोध गरियो । जसमा कतिले सोही दिन सहयोग भेटी दिनुभयो भने कतिले पछि दिनको लागि लेखेर पनि दिनुभयो ।

अन्तमा नेइमका चारै मण्डलीबाट पुरुष समिति रिपोर्ट प्रस्तुत गरियो र पाष्टर एल.पी.न्यौपानेको आशिषको प्रार्थनापछि उक्त रीट्रिट समापन गरियो । सेवा संचालन श्री छोगेन रोंगोंगले गर्नुभएको थियो ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
| फागुन २८ गते<br>मार्च १२ ता. | पाष्टर<br>एल.पी. न्यौपाने | श्री<br>सुजन वाइबा | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | एल्डर<br>अष्ट श्रेष्ठ | पाष्टर<br>बर्णबास श्रेष्ठ | डीकनेस्<br>निर्मला ढुङ्गेल |
| चैत्र ५ गते<br>मार्च १९ ता. | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा – जोरपाटी चर्च** | | | श्री<br>कुमार सेन्चुरी | श्री<br>जय सिंह |
| चैत्र १२ गते<br>मार्च २६ ता. | पाष्टर<br>महेश थाँजु | एल्डर<br>जमान तामाङ्ग | एल्डर<br>गोपी राई | एल्डर<br>दानिएल सापकोटा | सुश्री<br>रन्जना ढुङ्गेल | श्री<br>कुमार सेन्चुरी |
| चैत्र १९ गते<br>अप्रिल २ ता. | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>जमान तामाङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | पाष्टर<br>एल.पी. न्यौपाने | डीकन<br>जिल्बर्ट मिशो |

## मार्च महिनाको कार्यक्रम

१. फागुन २१ गते/मार्च ५ ता. शनिबार दिउँसो ३:०० बजे र फागुन २२ गते/मार्च ६ ता. आइतबार नयाँ शिक्षक/शिक्षिकाहरूको तालिम ललितपुर मण्डलीमा

२. फागुन २३-२७ गते/मार्च ७-११, सोमबार बिहान १० बजेदेखि शुक्रबारसम्म नेइमको मिशनेरीहरू तथा शाखा/आवद्ध मण्डलीका अगुवाहरूको क्षेत्रीय भेला ज्ञानेश्वर मण्डलीमा

३. चैत्र १ गते/मार्च १५ ता. मंगलबार महिला उपवास प्रार्थना बिहान १०:०० बजे आ-आफ्नो ठाउँमा

४. चैत्र ६ गते/मार्च २० ता.आइतबार नेइम कार्यकारिणीको बैठक गोंगबूँ मण्डली बिहान ९:००-३:०० बजे

## प्रार्थनाका विषयहरू

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान बुद्धि, एकता, मेल मिलाप मागिदिऔं ।

२. अब तयार हुन लागेको संविधान देशका सबै मानिसहरूको हित हुने ठीक संविधान बनिन सकेको होस् भनी प्रार्थना गरौं ।

३. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

४. देशका मण्डलीहरूले आ-आफ्ना ठाउँहरूमा सुसमाचारको काम अझ जोडतोडले गर्न सकून् साथै सुनाएका सुसमाचार बाँडिएका पर्चाद्वारा धेरै मानिसहरूले खीष्ट येशू प्रभुलाई व्यक्तिगत प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।

५. मण्डलीका सबै गुरुजनहरू साथै व्यवस्थापन समितिमा हुनुभएकाहरूले मण्डलीलाई परमेश्वरको इच्छाअनुसार अगुवाई गर्न, हुर्काउन, बढाउन, डोऱ्याउन साथै व्यवस्थित गर्न परमेश्वरबाटको अनुग्रह र पवित्र आत्माको सहायता मागिदिऔं ।

६. मण्डलीअन्तर्गत भइरहेको सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति अनुगमन कक्षा साथै आराधना सेवामा आशिष मागौं ।

७. एस.एल.सी. परीक्षा दिन लागेका सबै विद्यार्थीहरूका लागि साथै स्कूल तथा उच्चशिक्षा अध्ययनरत सबै विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।

८. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै देशभित्र, देशबाहिर मिशनरी भएर सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, विभिन्न काम, अध्ययनको लागि जानुभएकाहरू र परिवारको लागि प्रार्थना गरिदिऔं ।

९. एक लाख जवान जित्ने दर्शन लिएका मण्डलीका जवानहरूले स्कूल, क्याम्पस साथै काम गर्ने ठाउँहरूमा आ-आफ्नो साथीहरूलाई सुसमाचार सुनाउन सकून् ।

१०. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र खीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरुप खीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

११. मिशनेरी भएर विभिन्न देशमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, शुरू भएको संगति झुण्डको लागि प्रार्थना गरिदिऔं साथै देश विदेशमा पढाई, रोजगारको लागि जानुभएकाहरू कुनै न कुनै संगतिमा रहन सकून् ।

१२. अन्धकारको शक्ति, तिनका दुष्टकार्यहरू, योजनाहरू र किल्लाहरूको विरूद्धमा खीष्ट येशूको नाउँमा अधिकारसाथ प्रार्थना गरौं जसको फलस्वरुप गरीबी, चोरी, डकैती, हत्या, अपहरण, चेलीबेटी बेचबिखन आदि जस्ता कुराहरू हटेर गएको होस् ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुर्जुधारा** |
| फागुन २८ गते<br>मार्च १२ ता. | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर सीता गुरूङ्ग<br>डी. श्याम कृष्ण रंजित | पाष्टर<br>दफ्तन सादा | श्री<br>आर. अञ्जान घले |
| चैत्र ५ गते<br>मार्च १९ ता. | एल्डर<br>सामुएल क्षेत्री | श्री<br>सुरेन्द नेपाली | श्री<br>पदम बहादुर राई | श्री<br>स्टिफन राई | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>सुवास (भीम) खालिङ |
| चैत्र १२ गते<br>मार्च २६ ता. | पाष्टर<br>सामुएल कार्थक | पाष्टर<br>अशोक मुखिया | डीकन<br>बाघ मान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक<br>श्री ध्रुव घिमिरे | एल्डर<br>श्री लक्ष्मी सैंजु | डीकन<br>श्याम कृष्ण रंजित |
| चैत्र १९ गते<br>अप्रिल २ ता. | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>राजेन्द्र कु. रोंगोंग | श्रीमती<br>गंगा श्रेष्ठ | एल्डर<br>दिल थापा |

## जानकारी

१. माघ २२ गते/फरवरी ५ ता. शनिबार नेइम भाल्टार र नामटार आवद्ध मण्डली, मकवानपुरमा २ जना एल्डर, २ जना डीकन र १ जना डीकनेस् अभिषेक गरियो । सो कार्यको लागि पाष्टर अशोक मुखिया, डीकनेस् चन्दा मुखिया र श्रीमती मेनुका क्षेत्री जानुभएको थियो ।

२. माघ २९ गते/फरवरी १२ ता. शनिबार नेइम पनौती मण्डलीमा डीकन रूबेन श्रेष्ठलाई एल्डर अभिषेक गरियो ।

३. फागुन ७ गते/फरवरी १९ ता. शनिबार नेइम ललितपुर मण्डलीमा १ जना बालकको बाल अर्पण गरियो ।

४. फागुन १३ गते/फरवरी २५ ता. शुक्रबार नेइम ललितपुरअन्तर्गतको नुवाकोट, कुवापानी संगतिको ३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

५. फागुन १४ गते/फरवरी २६ ता. शनिबार नेइम गुर्जुधाराको १३ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।



कपन, शान्तिनगर बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्रीमती **हरि माया (काईली) श्रेष्ठ** ५७ वर्षको उमेरमा माघ २९ गते/फरवरी १२ ता.शनिबार प्रभुमा सुत्नुभयो ।

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा संगतिहरूमा सेवाशुरू हुन अघिनै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नु अगावै आफ्नो मोबाइलको स्वीच बन्द गरिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ-पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, मिशन, सहायता, छात्रवृत्ति, सुसमाचार कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | **शनिबार** | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:०० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | **बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू** | | |
| **प्रार्थना सभा** | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार<br>शुक्रबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बज<br>बिहान ५:०० बजे | नयाँ बानेश्वर, मीनभवन<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२,गोंगबूँ, पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला)<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी गाम्छा र सुन्दरीजल<br>गोल्फुटार |

| | | | | |
|---|---|---|---|---|
| आइतबार Sunday | २२ 6<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही बन्न पनि सकौं ।<br>३ यूहन्ना ६ | २९ 13<br>नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>कलस्सी २:६-७ | ६ 20<br>नेपालका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल साहस र पवित्र आत्माको अगुवाई मागिदिऔं ।<br>यहोशू १:६-९ | १३ 27<br>मण्डलीलाई अगुवाई गरिराख्नुभएका सेवक/सेविकाहरू एउटै दर्शनमा अघि बढ्न र मण्डलीलाई पनि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ |
| सोमबार Monday | २३ 7<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रुपमा चढाएका प्रार्थनाहरूको उत्तर पर्खन, उत्तर पाएकोमा र उत्तर नपाएकोमा पनि सधैँ धन्वादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ३० 14<br>भोलि हुने उपवास प्रार्थनामा परमेश्वरको इच्छाअनुसार विश्वासमा प्रार्थना चढाइएको कारण मण्डलीले ठूला-ठूला कुराहरू देख्न सकौं ।<br>१ यूहन्ना ५:१४-१५ | ७ 21<br>मण्डलीका प्रत्येक परिवारका सदस्यहरूले परमेश्वरलाई आफ्नो जीवनमा, परिवारमा पहिलो स्थान दिन सकून् ।<br>अय्यूब १:१-५ | १४ 28<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>तीतस ३:१-३ |
| मंगलबार Tuesday | २४ 8<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं ।<br>यशैया ४०:२७-३१ | १ चैत्र 15<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा जागृति, चंगाई, छुट्कारा, आत्माको नवीकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>यशैया ३५:३-७ | ८ 22<br>मण्डलीका विश्वासीहरू सबै प्रकारको भूल, धोका दिने झूठा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले जोगाऊन् ।<br>२ यूहन्ना ७-१० | १५ 29<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>भजनसंग्रह २५:३-५ |
| बुधबार Wednesday | २५ 9<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथासक्य भाग लिन सकून् ।<br>यशैया ४५:२-३ | २ 16<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>लूका १५:११-२४ | ९ 23<br>मण्डलीका सबै विश्वासी परिवारहरूमा एकआपसमा प्रेम, एकता र मेलमिलाप सधैं भइरहन सकून् ।<br>कलस्सी ३:१२-१६ | १६ 30<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ |
| बिहीबार Thursday | २६ 10<br>मण्डलीका सबै बाबु आमाहरू अझ परमेश्वर पितालाई प्रेम गर्दै परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-६ | ३ 17<br>बाल संगतिका प्रत्येक बाल बालिकाहरूले सानै उमेरमा प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी ग्रहण गरी परमेश्वरको आशिषमा बढ्दै जान सकून् ।<br>यशैया ६१:९ | १० 24<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहनेहरू हुन सकून् ।<br>१ यूहन्ना २:१५-१७ | १७ 31<br>जस-जसको परिवारहरू अझ पनि विश्वासमा आउन सक्नुभएको छैन, ती परिवारको उद्धारको लागि प्रार्थना गरिदिऔं ।<br>प्रस्थान २०:१-६ |
| शुक्रबार Friday | २७ 11<br>प्रत्येक शनिबार आराधना सेवामा नयाँ आउनेहरू सबैले प्रभु येशूद्वारा पाइने सित्तैंको मुक्ति र अनन्त जीवनलाई ग्रहण गर्न सकून् ।<br>रोमी १०:८-१३ | ४ 18<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ७८:१-८ | ११ 25<br>आराधना सेवामा आउनेहरू सबै सधैँ आत्मा, मन र शरीरको तयारीमा आउन सकून् र परमेश्वरको आशिषको कारण हुन सकून् ।<br>यशैया ५४:७-८ | १८ April 1<br>आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसामा अगुवाई गर्नुहुने सबैको लागि आत्माको अभिषक मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ |
| शनिबार Saturday | २८ 12<br>अन्धकारको शक्तिको विरूद्धमा खडा भई विजयी हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस् ।<br>२ तिमोथी ३:१०-१५ | ५ 19<br>कारागारमा प्रभु येशूलाई चिनेर विश्वास गर्ने दाजुभाइ तथा दिदीबहिनीहरूको बीचमा हुने सेवकाईद्वारा अझै धेरैले प्रभुलाई चिन्न सकून् ।<br>प्रेरित १६:२५-२६ | १२ 26<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाई मागिदिऔं ।<br>एज्रा ७:१० | १९ 2<br>मण्डलीले परमप्रभुमा चढाइने प्रार्थना, भेटी, प्रशंसा सबै उहाँको महिमाको लागि अझै इमान्दारितामा गरिँदै जान सकौं ।<br>२ कोरिन्थी ९:६ |

**"हे बागी हो, यस कुरालाई सम्झ, र मनमा दृढ पार र हृदयमा राख । अघि-अघिका पुराना कुराहरूलाई सम्झ । म परमेश्वर हुँ, र अरू कोही छैनँ । म परमेश्वर हुँ, मजस्तै अरू कोही छैन । आदिदेखि अन्तसम्मको जानकारी म दिन्छु । म भन्छु: मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पूरा गर्नेछु । पूर्वबाट म शिकारी पक्षी बोलाउँछु, र टाढा देशबाट मेरो अभिप्राय पूरा गर्न म एउटा मानिसलाई बोलाउँछु । मैले जे भनेको छु, त्यो म गर्नेछु । मैले जे योजना बनाएको छु, त्यो म गर्ने नै छु । हे हठी हृदयका र धार्मिकताबाट टाढा रहेका हो, मेरो कुरा ध्यानसित सुन । म आफ्नो धार्मिकता नजीक ल्याइरहेछु, त्यो टाढा छैन, र मेरो उद्धारले बियाँलो गर्नेछैन । म सियोनलाई उद्धार प्रदान गर्नेछु । मेरो ऐश्वर्य इस्राएललाई प्रदान गर्नेछु । "**

*यशैया ४६:८-१३*

प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८५/४४१२१७२ Email:nim@wlink.com.np, www.nim.org.np नेइम सूचनापत्र